समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०२/१७ बैठक संख्या: २४

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको चौधौं नगरसभा समयमा नै सम्पन्न गर्ने तपसिल बमोजिमको कार्यतालिका पारित गर्ने र स्वीकृत कार्यतालिका अनुसारको जिम्मेवारी सबैले समयमा नै निर्वाह गर्ने निर्णय गरियो ।

तपसिल:

| सि. नं. | प्रस्तावित मिति | कार्यविवरण | जिम्मेवारी |
|---|---|---|---|
| १ | २०८०/०२/२४ सम्म | आगामी आ.व. को राजस्वको अनुमानित विवरण पेश गर्ने | राजस्व परामर्श समिति/ आर्थिक प्रशासन र राजस्व |
| २ | २०८०/०२/२५ सम्म | आगामी आ.व. को लागि विभिन्न श्रोतबाट नगरपालिकालाई प्राप्त हुने कूल बार्षिक आम्दानीको विवरण पेश गर्ने | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ३ | २०८०/०२/२६ सम्म | सरोकारवालाहरुबीच बृहत छलफल आयोजना गरी आगामी आ.व. को नीति तथाकार्यक्रम र बजेटको बारेमा सुझाव प्राप्त गर्ने | प्रशासन तथा योजना शाखा |
| ४ | २०८०/०२/२८ सम्म | वडागत तथा विषयगत बजेट सिलिङ निर्धारण गर्नको लागि कार्यपालिका बैठक आमन्त्रण गर्ने | प्रमुख प्रशासकीय अधिकृत |
| ५ | २०८०/०३/०३ सम्म | सम्पूर्ण वडा तथा विषयगत समितिबाट बजेट सिलिङका आधारमा आयोजना तथा कार्यक्रम र आगामी आ.व. को लागि प्रस्तावित नीति तथा कार्यक्रम कार्यपालिका कार्यालय समक्ष पेश गरी सक्ने | वडा समिति/विषयगत समिति/ विषयगत शाखा प्रमुखहरु |
| ६ | २०८०/०३/०६ सम्म | वडा तथा विषयगत समितिबाट प्राप्त भएका आयोजना तथा कार्यक्रम र नीति तथा कार्यक्रमलाई एकीकृत रुप दिने | प्रशासन तथा योजना शाखा |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०२/१७ बैठक संख्या: २४

बैठक प्रारम्भ समय: बिहानको ११:०० बजे बैठक समापन समय: बजे

| | | | |
|---|---|---|---|
| ७ | २०८०/०३/०७ सम्म | एकीकृत आयोजना तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पारित गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति/प्रशासन तथा योजना शाखा |
| ८ | २०८०/०३/०८ सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट तथा कार्यक्रम र आगामी आ.ब. को लागि नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाको बैठकबाट पारित गर्ने | नगर कार्यपालिका |
| ९ | २०८०/०३/१० | नगरसभाको बैठकमा आगामी आर्थिक वर्षका लागि अवलम्बन गरिने नीति तथा कार्यक्रम र अनुमानित बार्षिक आय व्ययको विवरण (बजेट) पेश गर्ने | नगर प्रमुख/नगर उपप्रमुख मार्फत नगरसभा |
| १० | २०८०/०३/२१ सम्म | नगरसभामा पेश भएको आगामी आर्थिक बर्षका लागि अबलम्बन गरिने नीति तथा कार्यक्रम र अनुमानित बार्षिक आय व्ययको बिवरण (बजेट) पारित गर्ने | नगरसभा |

२. हाल यस खाँदवारी नगरपालिकामा पशुहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि हालसम्म नगरपालिकाकोतर्फबाट भएका प्रयास र कृयाकलापहरुको समिक्षा भयो। सो रोग नियन्त्रणमा लिन उपलब्ध प्राविधिक जनशक्तिहरुलाई थप प्रभावकारी रुपमा परिचालन गर्ने र उक्त रोगबाट संक्रमित पशुहरुलाई औषधीको कमी भएको कारण निम्नानुसार बजेट रकमान्तर गर्ने निर्णय गरियो।

**तपसिल:**

| सि.नं. | वडा नं. | नगरसभाले स्वीकृत गरेको योजनाको नाम | हाल रकमान्तर गरिएको योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|
| १ | १ | स्वास्थ्य बिमा कार्यक्रम | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| २ | | बहुक्षेत्रीय पोषण कार्यक्रम (सशर्त) | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| ३ | ८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | ५०,०००।- |
| ४ | | विपद् व्यवस्थापन कोष | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | ५,००,०००।- |

३. लम्पी स्किन रोगलाई प्रभावकारी रुपमा नियन्त्रणमा लिनको लागि यस नगरपालिका क्षेत्रमा पशुसेवासंग सम्बन्धित विषय अध्ययन गरी बसेका जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गर्ने निर्णय गरियो।

४. लम्पी स्किन रोगले संक्रमित भई कुनै पशुधनको मृत्यू भएको भएमा सम्बन्धित पशुधनीहरुलाई उचित राहत दिनको लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक बजेट माग गर्ने निर्णय गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, बिषय ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

धुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०२/१७ बैठक संख्याः २४

बैठक प्रारम्भ समयः बिहानको ११:०० बजे बैठक समापन समयः बजे

५. यस नगरकार्यपालिका बैठकमा पेश भएको "खाँदबारी नगरपालिका छात्रबृत्ती छनौट, वितरण तथा व्यवस्थापन कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो।

६. खाँदबारी नगरपालिकाले बनाएको "अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५" लाई तीन महले प्रस्तावमा पेश भएबमोजिम संशोधन गर्ने निर्णय गरियो।

७. नगरसभाबाट पारित निम्न योजना तथा कार्यक्रमलाई वडाको सिफारिसको आधारमा तपसिल अनुसार परिवर्तन गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं. | नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम | हाल संसोधन गरिएको योजना तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १ | पञ्चेबाजा खरिद कार्यक्रम, वडा नं. ७ | ढाका तालिम | ५०,०००।- |
| २ | खानेपानी ट्याङ्की निर्माण, वडा नं. ८ | आदर्श टोल विकास संस्था पिप्लेको भवनमा टिनको छाना लगाउने कार्य | १,००,०००।- |
| ३ | पहिरो सरसफाई तथा लोबेड चार्ज रु. ७०, ०००।- मध्येबाट, वडा नं. ११ | बेतधारादेखि हि.मा.वि., आङ्लासम्म गोरेटो बाटो निर्माण तथा मर्मत | ५०,०००।- |
| ४ | डाँडागाउँ चापाबोटे बिजुली विस्तार | एकता बहुउद्देश्यीय सहकारी संस्थाको प्लाष्टिक टनेल मर्मत | ५०,०००।- |

८. खाँदबारी नगरपालिकामा हाल बहाल रहनुभएका जनप्रतिनिधिज्यूहरु बहाली भएको एक बर्षको अवधिमा प्राप्त उपलब्धी नगरवासीहरुलाई जानकारी प्रदान गर्नका लागि ब्रोसरको रुपमा प्रकाशन गर्ने निर्णय गरियो।

९. मिति २०८०/०१/३१ गतेको नगरकार्यपालिकाको बैठक निर्णयानुसार यस नगरपालिकामा सञ्चालित योजनाहरुबाट उक्त योजनामा प्रयोग भएको नदीजन्य पदार्थको गणना गरी सो बापत्को प्रदेशसभाबाट स्वीकृत दररेटको आधारमा रकम कट्टा गरी नगरपालिकाको विभाज्य कोषमा जम्मा गर्ने निर्णय भए अनुरुप कालिका मा.वि.-चाबोटे-हेलुवाबेशी सडक निर्माण गर्दा प्रयोग भएका ढुङ्गा बापत् कार्यपालिकाले निर्णय गरेको मितिभन्दा अगाडि भुक्तानी लिएको रनिङ् बील समेतको परिमाण र रकमबाट कट्टा हुँदा सम्बन्धित उपभोक्तालाई मर्का परेको भनी वडा कार्यालयबाट समेत सिफारिस प्राप्त भएकोमा उक्त योजनामा नगरकार्यपालिकाले निर्णय गर्नुभन्दा अगाडि भुक्तानी लिएदिएको रनिङ बीलमा उल्लेख भएको ढुङ्गा बापत्को राजस्व रकम सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता दिने निर्णय गरियो।

१०. खाँदबारी नगरपालिकाको पशुसेवा उपशाखाको आ.ब. ०७९/०८० मा सशर्त अनुदान अन्तर्गत हस्तान्तरित मासु जाँच ऐन कार्यान्वयन सहजीकरण कार्यक्रममा प्राप्त बजेटलाई निम्नानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०२/१७ बैठक संख्या: २४

बैठक प्रारम्भ समय: बिहानको ११:०० बजे बैठक समापन समय: बजे

| सि.नं. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सरोकारवाला तथा मासु व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम | १,००,०००।- | |
| २ | समन्वय बैठक सञ्चालन | ३०,०००।- | |
| ३ | सूचनामूलक सन्देश प्रकाशन तथा प्रसारण | १,००,०००।- | |
| ४ | मासु जाँचको लागि आवश्यक औजार, एप्रोन, गमबुट, ग्लोभ लगायतका सामग्रीहरु खरिद कार्य | ५०,०००।- | |
| ५ | मासु जाँच तथा मासु पसलको सरसफाईको अनुगमन निरीक्षण कार्य | ५०,०००।- | |
| ६ | व्यवसायिक मासु पसलेलाई डिप फ्रिज वितरणको लागि डिप फ्रिज खरिद कार्य | ६,००,०००।- | |
| ७ | सामग्री ढुवानी तथा व्यवस्थापन खर्च | ७०,०००।- | |

११. वडा नं. ४ मा तमु ल्होसारको अवसरमा सञ्चालित कार्यक्रममा खर्च भएको रकम रु. ५०, ०००।- (पचास हजार मात्र) नगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो।

१२. वडामा संकलित राजस्व रकम हरेक महिनाको मसान्तसम्म नगरपालिकाको सम्बन्धित खातामा जम्मा गरीसक्ने अन्यथा राजस्व बुझ्ने व्यक्तिबाट प्रचलित कानूनबमोजिम ब्याज सहित असूल गर्ने निर्णय गरियो।

१३. बृहत माङ्सिमा खानेपानी तथा सरसफाई आयोजना सम्पन्न भएपछि आयोजना पूर्ण रुपमा सफल हुन नसकी सेवाप्रवाह हुन नसकेको साथै खानेपानी तथा सरसफाई उपभोक्ता संस्था हाल अपूर्ण रहेको कारण सेवा प्रवाह झन् जटिल हुने हुँदा तत्काल नगरपालिकाको संयोजकत्वमा हाललाई कुनै प्रकारको अस्थायी व्यवस्था गरी उपभोक्ता संस्थाको अधिवेशन सहित साधारणसभा गर्ने व्यवस्था हुन भनी उक्त आयोजनाको लगानीकर्तामध्येको एक ऋण लगानीकर्ता संस्था नगर विकास कोषको च. नं. १५८२ मिति २०८०/०२/१० को पत्रबाट लेखिई आएको अवस्थामा उपभोक्ता संस्थाको भूमिकालाई प्रभावकारी बनाई आयोजना कार्यान्वयनको क्रममा भएका त्रुटीहरु सच्याई आयोजनालाई पूर्ण रुपमा सञ्चालन गरी उपभोक्ताको आवश्यकतालाई परिपूर्ति गर्नका लागि उपभोक्ता संस्थाको अधिवेशन सहितको साधारणसभा गर्नका लागि तदर्थ समिति गठन गर्न सरोकारवालाहरुसँग समन्वय गरी आगामी नगरकार्यपालिका बैठकमा समितिमा रहने व्यक्तिहरुको नाम प्रस्ताव गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१४. आगामी बर्षको नीति तथा कार्यक्रमका लागि सुझावहरु पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत